# कम्पनी ऐन, २०६३ को दफा ७५(३) को प्रयोजनार्थ शेयरधनीहरुको जानकारीको लागि नेपाल हाइड्रो डेभलोपर लिमिटेडको मिति २०७४।१०।०४ मा सम्पन्न विशेष साधारण सभाको काम कारवाहीको विवरण (माइन्युट)

**१. बैधानिक सभाः**

यस कम्पनीको सञ्चालक समितिको मिति २०७४ पुष १८ गते बसेको बैठकको निर्णयानुसार कम्पनी ऐन, २०६३ र यस कम्पनीको नियमावली बमोजिम बोलाइएको विशेष साधारण सभा सञ्चालक समितिका अध्यक्ष श्री ज्ञानेन्द्र लाल प्रधानज्यूको अध्यक्षतामा निम्न उल्लेखित मिति, स्थान र समयमा बसी देहायका विषयहरु उपर छलफल गरी देहाय बमोजिम निर्णय भयो ।

**२. सभाको मिति, स्थान र समयः**

मितिः २०७४ माघ ४ गते

स्थानः माहेश्वरी सदन, नक्साल, काठमाडौं ।

समय : अपरान्ह ४.०० मा प्रारम्भ भई ५.०० बजे सम्पन्न

**३. सभाको सूचनाः**

कम्पनी ऐन, २०६३ को दफा ६७ (२) को प्रावधान अनुसार विशेष साधारण सभा हुने, स्थान, मिति, समय र छलफल हुने विषयहरु सहितको विवरण खुलाई सभामा उपस्थितिको लागि अभियान आर्थिक दैनिक राष्ट्रियस्तरको पत्रिकामा मिति २०७४।९।१९ र २०७४।९।२० यस विशेष साधारण सभाको सम्पुर्ण विषयहरु समावेश गरि कम्पनीका शेयरधनीहरुको नाममा सुचना समेत प्रकाशित गरिएको थिया ।

**४. सभामा उपस्थिति :**

कम्पनीको विशेष साधारण सभामा संचालकहरु मध्ये संचालक अध्यक्ष श्री ज्ञानेन्द्र लाल प्रधान, संचालकहरु देवकिशन मुन्दडा, कुमुद कुमार दुगड र पशुपति मुरारकाको उपस्थिति रहेको थियो । त्यसै गरि सभामा संस्थापक तथा सर्वसाधारण शेयरधनीहरु, कम्पनीको व्यवस्थापन तहका कर्मचारी, कम्पनी सचिव, कानुनी सल्लाहकार समेतको उपस्थिति रहेको थियो ।

**५. छलफलको विषयहरुः**

१) संचालक समितिको संख्या घटाउने सम्बन्धमा,

२) कम्पनीको स्वीकृत नियमावलीको नियम २७(३) मा संशोधन,

३) विविध प्रस्तावमा नियमावलीमा गरिने संशोधन सम्बन्धमा नियमनकारी निकायबाट कुनै संशोधन,परिमार्जन वा थपघटको लागि निर्देशन वा सुझाव प्राप्त भएमा सोही बमोजिम गर्न गराउन सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने सम्बन्धमा ।

**६. सभाको बैधानिकता र सभाको अध्यक्षताः**

६.१ कम्पनी ऐन, २०६३ तथा यस कम्पनीको स्वीकृत नियमावली बमोजिम यो सभा बोलाइएको र कम्पनी ऐनको दफा ७३ को उपदफा (२) अनुसार साधारण सभाको गणपूरक संख्या बाँडफाँड भएको कुल शेयर संख्याको ५० प्रतिशत भन्दा बढी शेयरको प्रतिनिधित्व हुने गरी कुल शेयरधनीहरु मध्ये कम्तिमा ३ जना शेयरधनीको उपस्थिति हुनु पर्ने प्रावधान बमोजिम कम्पनीको विशेष साधारण सभामा राखिएको शेयरधनीको हाजिरी पुस्तिकामा हाजिरी जनाउने शेयरधनीहरुको संख्या कुल शेयर संख्याको ७५.५१ प्रतिशत प्रतिनिधित्व भई साधारण सभाको गणपूरक संख्या पुगेको साथै प्रचलित कम्पनी कानुन अनुसार सभा बैधानिक भएकोले रितपुर्वक साधारणसभाको कारवाही अघि बढाउन सकिने व्यहोरा कम्पनी सचिवले जानकारी गराउनु भयो ।

६.२ यस कम्पनीको स्वीकृत नियमावलीमा प्रावधान भए बमोजिम यस सभाको अध्यक्षता सञ्चालक समितिका अध्यक्षज्यूले गर्ने व्यवस्था कम्पनी सचिवले जानकारी गराएपछि अपरान्ह ४ बजे सञ्चालक समितिका अध्यक्ष श्री ज्ञानेन्द्रलाल प्रधानज्यूको अध्यक्षतामा तथा सम्पूर्ण सञ्चालकज्यूहरुको उपस्थितिमा कम्पनीकोको विशेष साधारण सभा सुरु भयो ।

**७. विशेष साधारण सभाको प्रस्तुती :**

७.१ कम्पनी सचिवज्यूले सभा सञ्चालन गर्नु पूर्व विशेष साधारण सभामा उपस्थित संचालक, शेयरधनी र अतिथिमहानुभावहरुलाई कम्पनीको तर्फबाट स्वागत एवं अभिवादन गर्नुभयो ।

**८. सभाको निर्णयः**

१) प्रस्ताव नं. १ को विषयमा छलफल हुँदा यस कम्पनीमा हाल सम्म ७ जना संचालक समिति रहने व्यवस्था रहेकोमा कम्पनीको कार्यक्षमता वृद्धि गर्न, कुनै पनि विषयमा छिटो छरितो निर्णय लिन साथै कम्पनी (पहिलो संशोधन) ऐन, २०७४ ले व्यवस्था गरे बमोजिम महिला संचालकको समेत संचालक समितिमा प्रतिनिधित्व गर्न गराउनको लागि यस कम्पनीमा १ जना महिला सहित ५ जनाको संचालक समिति हुनेछ भन्ने व्यवस्था कायम गर्न सभा समक्ष प्रस्ताव पेश भएकोमा सभाले उक्त प्रस्ताव सर्वसम्मतिले पारित गऱ्यो ।

२) प्रस्ताव नं. २ को विषयमा छलफल हुँदा कम्पनीको स्वीकृत नियमावलीको नियम २७(३) मा तपसिल बमोजिम संशोधन गर्नको लागि सभा समक्ष प्रस्ताव पेश भएकोमा सभाले उक्त प्रस्ताव सर्वसम्मतिले पारित गऱ्यो ।

तपसिल

नियम २७(३)(१) : यस कम्पनीमा १ जना महिना सहित ५ जनाको सञ्चालक समिति हुनेछ । सो संचालक समितिको समुहगत प्रतिनिधित्व देहाय बमोजिम हुनेछ ।

(क) संस्थापक समुहका शेयरधनीबाट निर्वाचित ३ जना

(ख) सर्वसाधारण समुहका शेयरधनीबाट निर्वाचित १ जना

(ग) स्वतन्त्र सञ्चालक १ जना

३) विविध प्रस्ताव उपर सभामा छलफल हुँदा नि.नं. १ र २ बमोजिमको पारित संशोधनमा नियमनकारी निकायबाट कुनै संशोधन, परिमार्जन वा थपघटको लागि निर्देशन वा सुझाव प्राप्त भएमा सोही बमोजिम गर्न गराउन सञ्चालक समितिलाई अख्तियारी प्रदान गरियोस भनी सभा समक्ष प्रस्ताव पेश भएकोमा सभाले उक्त प्रस्ताव सर्वसम्मतिले पारित गरि उल्लेखित काम गर्न संचालक समितिलाई अख्तियारी प्रदान गऱ्यो ।

**९. धन्यवाद ज्ञापन तथा सभा विसर्जन**

यस सभामा अन्य छलफलको विषय वस्तु नभएकोले कम्पनी सचिवज्यूले सभाको विसर्जन गर्न अध्यक्षज्यूलाई अनुरोध गर्नुभयो । अध्यक्षज्यूले सभामा उपस्थित साथै प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा कम्पनीकोको विशेष साधारण सभा सफल बनाउन सहयोग गर्ने सबैलाई धन्यवाद दिनुभयो र सभा सम्पन्न भएको घोषणा गर्नुभयो ।


**नेपाल हाइड्रो डेभलोपर लिमिटेड**

**Nepal Hydro Developer Limited**

**डिल्लीबजार-३३, काठमाडौं, नेपाल, फोन नं: ९७७-०१-४४११३१, ४४१४४४**

**इमेलः info@charnawatihydro.com, वेभसाइटः www.charnawatihydro.com**